MBK JCL

# Madhya Bhotekoshi Jalavidyut Company Limited

Maharajgunj, Kathmandu

## Statement of Financial Position (Unaudited)

**Unaudited Financial Position as on 31st Ashwin 2079 (Oct 17, 2022)**

(Rs.'000)

| Particulars | 2079.06.31 (17.10.2022) | 2079.03.32 (16.07.2022) | 2078.06.31 (17.10.2021) |
|---|---|---|---|
| **Assets** | | | |
| **Non Current Assets** | | | |
| Property, Plant & Equipment | 474,180.76 | 475,944.43 | 481,438.00 |
| Capital Work-in-Progress | 13,037,315.21 | 12,203,735.16 | 9,738,264.95 |
| **Total Non-Current Assets (A)** | **13,511,495.97** | **12,679,679.59** | **10,219,702.95** |
| **Current Assets** | | | |
| Inventory | 588.55 | 516.14 | 1,688.65 |
| Advances, Deposits and Other Receivables | 183,529.33 | 220,141.01 | 434,233.06 |
| Investment in Term Deposits | 220,000.00 | 690,000.00 | 670,000.00 |
| Cash and Cash Equivalents | 58,252.47 | 155,756.84 | 176,660.73 |
| **Total Current Assets (B)** | **462,370.34** | **1,066,413.98** | **1,282,582.44** |
| **Total Assets (A+B)** | **13,973,866.31** | **13,746,093.57** | **11,502,285.39** |
| **Equity & Liabilities** | | | |
| **Equity** | | | |
| Share Capital | 6,000,000.00 | 6,000,000.00 | 5,100,000.00 |
| Retain Earnings | (365,300.95) | (346,748.78) | (280,116.24) |
| **Total Equity (C)** | **5,634,699.05** | **5,653,251.22** | **4,819,883.76** |
| **Non Current Liabilities** | | | |
| Long-term Liabilities (EPF) | 8,013,768.94 | 7,795,287.32 | 6,412,110.35 |
| **Total Non-Current Liabilities (D)** | **8,013,768.94** | **7,795,287.32** | **6,412,110.35** |
| **Current Liabilities** | | | |
| Provisions | 2,646.61 | 2,646.61 | 2,314.46 |
| Trade and Other Payables | 322,751.71 | 294,908.41 | 267,976.82 |
| **Total Current Liabilities (E)** | **325,398.32** | **297,555.03** | **270,291.28** |
| **Total Equity and Liability(C+D+E)** | **13,973,866.31** | **13,746,093.57** | **11,502,285.39** |

**Unaudited Profit & Loss Accounts for the Period Ended 31st Ashwin 2079 (July 17, 2022)**

(Rs.'000)

| Particulars | FY 2079/080 (Up to Ashwin) (2022/23) | FY 2078/079 (Up to Ashad) (2021/22) | FY 2077/078 (Up to Ashwin) (2020/21) |
|---|---|---|---|
| **Income** | | | |
| Revenue from Sale of Electricity | - | - | - |
| **Expenses** | | | |
| Hydro Electric Plant Operating Expenses | - | - | - |
| Royalty | - | - | - |
| Administrative Expenses | (18,380.62) | (34,543.16) | (7,569.99) |
| Depreciation | (171.55) | (686.21) | (178.76) |
| **Operating Profit/ (Loss) (A)** | **(18,552.18)** | **(35,229.37)** | **(7,748.75)** |
| Finance Income/(Cost) | - | (8,462.92) | 472.46 |
| Other Income | - | 104.63 | 6.60 |
| **Total Income (B)** | **-** | **(8,358.29)** | **479.06** |
| **Profit / (Loss) before Tax and Bonus (A-B)** | **(18,552.18)** | **(43,587.66)** | **(7,269.69)** |
| Employee Bonus | - | - | - |
| **Profit/ (Loss) before Tax** | **(18,552.18)** | **(43,587.66)** | **(7,269.69)** |
| **Less: Tax** | | | |
| Current Tax | - | - | - |
| **Net Profit/ (Loss) for the period** | **(18,552.18)** | **(43,587.66)** | **(7,269.69)** |

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम (१) अनुसूची–१४ अनुसार कम्पनीको आ.व. २०७९/०८० को प्रथम त्रैमासिक प्रतिवेदन

१. **वित्तीय विवरण**

(**क**) **प्रथम** त्रैमासिक अवधिको संक्षिप्त वासलात र नाफा/(नोक्सान) सम्वन्धी विवरणहरू यसै साथ संलग्न गरिएको छ ।

(ख) **प्रमुख वित्तीय अनुपातहरू सम्बन्धी विवरण** :

प्रतिशेयर आम्दानी रू.(१.२४) (वार्षिकीकरण गरिएको), प्रति शेयर नेटवर्थ रू.९३.९१, प्रति शेयर कुल सम्पत्तिको मूल्य रू.२३२.९० र तरलता अनुपात १.४२ रहेको ।

कम्पनी मार्फत हुने खर्चहरू मध्ये कम्पनीको केन्द्रीय कार्यालयमा हुने प्रशासनिक खर्चलाई नाफा/नोक्सान हिसाबमा देखाउने र आयोजनामा भएको खर्चलाई पूँजीकरण गरी चालू पूँजिगत कार्यमा देखाउने गरिएको छ । साथै व्याज तथा अन्य जुनसुकै तरिकाबाट हुने आम्दानीलाई पनि नाफा/नोक्सान हिसाबमा आय स्वरूप देखाउने गरिएको छ । जस अनुसार कुल आम्दानीबाट कम्पनीको कर्पोरेट कार्यालयमा भएको प्रशासनिक खर्च घटाउँदा आउने फरकलाई नोक्सानमा देखाउने गरिएको छ । चुक्ता पूँजीबाट वासलातमा देखाइएको सञ्चित नोक्सानीलाई घटाएर आएको रकमलाई शेयर कित्ताले भाग गर्दा आउने भागफललाई नेटवर्थ मानिएका कारण शेयरको किताबी मूल्य रू.१००/- बाट घट्न गई रू.९३.९१ पुग्न गएको छ । यसै गरी समिक्षा अवधिमा नाफा/नोक्सान हिसाबले देखाएको नोक्सानीलाई शेयर संख्याले भाग गरी आउने रकमलाई प्रति शेयर आम्दानी मानिएकोले प्रति शेयर आम्दानी नकारात्मक देखिएको छ । आयोजना सञ्चालनमा आए पछि भने प्रतिशेयर आम्दानी तथा नेटवर्थ दुबै वृद्धि हुनेछ । कर्मचारी सञ्चय कोषबाट लिइएको कर्जाको व्याज रकमलाई चालू पूँजिगत खातामा देखाइएको छ भने साँवा व्याज गरी कुल रकमलाई दिर्घकालीन कर्जामा देखाइएको छ । सञ्चय कोषले प्रत्येक तीन/तीन महिनामा व्याजलाई पूँजिकरण गर्ने गर्दछ ।

२. **व्यवस्थापकीय विश्लेषण:**

(क) यस कम्पनीले सिन्धुपाल्चोक जिल्लाको भोटेकोशी गाउँपालिका र बाह्रबिसे नगरपालिका (तत्कालिन मार्मिङ र गाती गा.वि.स.) भएर बग्ने भोटेकोशी नदीको जलसम्पदा प्रयोग गरी १०२ मे.वा. क्षमताको मध्य भोटेकोशी जलविद्युत आयोजना निर्माणको कार्य अगाडि बढाएको छ । उक्त आयोजनाका कामहरूलाई मुख्यतः तीन भागमा विभाजन गरी निर्माणको चरणमा लगिएको र सोही अनुसार कार्य अगाडी बढाइएको छ । यस आयोजना निर्माणका लागि रू. ६ अर्ब जारी पूँजी रहेकोमा गत आ.व. २०७८/०७९ मा मात्र आयोजना प्रभावित, जिल्लाबासी र सर्वसाधारण समूहहरुलाई छुट्टाइएको कुल २५ प्रतिशत शेयर समेत निष्काशन तथा बिक्री वितरण गरी सम्पूर्ण शेयर बिक्री भई शेयर पूँजी चुक्ता भइसकेको छ । यस कम्पनी अन्तर्गत एउटा मात्र आयोजना रहेको र उक्त आयोजना निर्माणको चरणमा रहेको हुनाले खास आम्दानी भएको छैन । शेयर जारी गर्दा आएको रकमलाई छोटो अवधिका लागि विभिन्न बैंकहरूमा मुद्दति खाता खोली राखिएकोले सो वापत प्राप्त रकमलाई व्याज आम्दानी र टेण्डर फर्म बिक्री र यस्तै प्रकृतिबाट प्राप्त हुन आएको रकमलाई अन्य आम्दानी अन्तर्गत राखिएको छ ।

(ख) कम्पनीको नाफा र नगद प्रवाहमा प्रतिकूल असर पर्ने खालको घटना र अवस्था देखिएको छैन । तर मानवीय नियन्त्रण भन्दा बाहिरको दैवी प्रकोप (काबू बाहिर) को असर भने सदा रहिरहने छ ।

३. **कानुनी कारवाही सम्बन्धी विवरण:**

मध्य भोटेकोशी जलविद्युत आयोजनाका सिभिल तथा हाइड्रो मेकानिकल कार्यका चिनियाँ ठेकेदारका नेपाली स्थानीय प्रतिनिधि श्री माउण्ट एभरेष्ट कर्पोरेट कम्पनी प्रा.लि.ले उक्त ठकेदार कम्पनसँगको विवादका कारण यस कम्पनीलाई समेत विपक्षी बनाई सम्मानित श्री काठमाडौं जिल्ला अदालतमा दिएको मुद्दा विचाराधीन रहेको छ ।

४. **संगठित संस्थाको सेयर कारोवार सम्बन्धी विश्लेषण**

(क) शेयरको बजार मूल्यमा असाधारण तरिकाले थप/घट हुने गरी कम्पनी व्यवस्थापनबाट कुनै कार्यहरू भएका छैनन् । हाल यस कम्पनी अन्तर्गतको मध्य भोटेकोशी जलविद्युत आयोजनाका विभिन्न कामहरू सन्तोषजनक तरिकाले अगाडि बढिरहेकोले गर्दा यसको सकारात्मक असर शेयर बजारमा पनि देखिएको छ । यस कम्पनीको शेयरहरु नेप्सेमा मिति २०७८।०९।०९ मा सूचीकरण भएको । यस कम्पनीको शेयरको प्रथम कारोबार मिति २०७८।०९।११ मा रू.१००।- मा शुरू भएकोमा समिक्षा अवधिको शुरुमा रु.२३२.८० र अन्तिममा रु.२०४.२० पुगेको छ । कम्पनी अन्तर्गतको मध्य भोटेकोशी जलविद्युत आयोजनाको सम्पूर्ण निर्माणका कामहरू सम्पन्न भै आयोजना सञ्चालनमा आए पछि कम्पनीले दिन सक्ने आकर्षक प्रतिफलका कारण शेयर कारोवारमा पनि सकारात्मक असर देखिने कुरामा व्यवस्थापन पक्ष विश्वस्त रही सम्बन्धित लगानीकर्ताहरूलाई पनि विश्वस्त गराउन चाहन्छ ।

(ख) **त्रैमासिक अवधिको सेयर कारोवार सम्बन्धी विवरण** :

| शेयरको अधिकतम मूल्य (रु.) | शेयरको न्यूनतम मूल्य (रु.) | शेयरको अन्तिम मूल्य (रु.) | कारोवार भएको कुल दिन | कारोबार संख्या | कारोबार भएको कुल शेयर संख्या |
|---|---|---|---|---|---|
| २९०.०० | १९७.०० | २०४.२० | ६५ | २१,७४१ | १०,२१,४१७ |

५. **समस्या तथा चुनौति:**

यस कम्पनी अन्तर्गत निर्माणाधीन आयोजनाको निर्माण कार्य विभिन्न चरणमा अगाडि बढिरहेकोमा २०७१ श्रावणमा आएको जुरे पहिरो, २०७२ वैशाखमा आएको विनाशकारी महाभूकम्प, २०७२ आश्विनदेखि करिब ५.५ महिना नेपाल भारत सीमा नाकामा भएको अवरोध, २०७३ आषाढमा भोटेकोशी नदीमा आएको बाढी, विश्वब्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ को संक्रमण रोकथाम एवं नियन्त्रणको लागि नेपाल सरकारद्वारा विभिन्न मितिमा जारी गरिएको लकडाउन एवं निषेधाज्ञा तथा तत्पश्चात २०७७ आषाढ २४ गते राती पुनः आयोजना निर्माणस्थल वरपर भोटेकोशी नदी एवं आसपासको क्षेत्रमा आएको बाढी-पहिरो जस्ता कारणहरुले आयोजनाको मुख्य ठेकेदार कम्पनीबाट निर्धारित कार्यतालिका अनुरुप आयोजना निर्माण कार्यमा अपेक्षित प्रगति हासिल हुन सकेको थिएन । उक्त ढिलाईका असरहरुको मूल्यांकन गरी आयोजनाका मुख्य ठेकेदार कम्पनीहरु र परामर्शदाताको संयुक्त प्रयासमा आयोजना निर्माण सम्बन्धीका सिभिल निर्माण, इलेक्ट्रोमेकानिकल तथा प्रशारण लाइन निर्माण लगायतका कार्यहरुले हाल भने अपेक्षित रुपमा गति लिएको छ ।

निर्माणाधीन आयोजनाको निर्माण सम्पन्न मिति पछि सर्दै जाँदा एकातिर आयोजना लागत वृद्धि हुने र अर्कोतिर विद्युत बिक्री आम्दानी पनि सृजना नहुने अवस्थामा कम्पनीले आर्थिक रूपमा नोक्सानी व्यहोर्नु पर्ने भएको छ । तसर्थ, निर्माणाधीन आयोजनालाई छिटो सम्पन्न गर्न कम्पनीले आफ्नो पुरै ध्यान केन्द्रित गरेको छ ।

उल्लेखित आयोजना तोकिएको समय, लागत र गुणस्तरमा सम्पन्न गरी सञ्चालनमा ल्याई नेपाल विद्युत प्राधिकरणलाई बिक्री गरी आय आर्जन गर्नु कम्पनीका लागि चुनौती नै रहेको छ । त्यस्तै गरी प्रशारण लाइन सम्पन्न गरी आयोजनाबाट उत्पादन हुने विद्युत शक्ति आपूर्ति गर्नु पनि कम चुनौती रहेको छैन ।

६. **संस्थागत सुशासन:**

कम्पनीको आर्थिक तथा प्रशासनिक कार्यलाई व्यवस्थित गर्न आर्थिक प्रशासन विनियमावली सञ्चालक समितिबाट स्वीकृत गराई लागु गरिएको छ । कर्मचारी व्यवस्थापनको लागि कर्मचारी सेवा शर्त विनियमावली, भ्रमण विनियमावली लगायत कम्पनीको आफ्नै स्वीकृत नियम/विनियमावलीहरू नभएको हकमा सञ्चालक समितिको स्वीकृतिमा यस कम्पनीको मुख्य प्रवर्द्धक संस्था चिलिमे जलविद्युत कम्पनी लि.को लागु गरिएको छ । सञ्चालक समितिले स्वीकृत गरेको दरबन्दीको अधीनमा रही अत्यावश्यक कर्मचारी मात्र भर्ना गरी कर्पोरेट कार्यालय तथा आयोजना कार्यालय सञ्चालन गरिएको छ । आयोजना निर्माणको चरणमा भएकोले प्रायः कर्मचारीहरू करार सेवामा कार्यरत रहेका छन् । कम्पनीका मुख्य प्रवर्द्धक संस्था नेपाल विद्युत प्राधिकरणबाट तीन जना र चिलिमे जलविद्युत कम्पनी लि.बाट एक जना कर्मचारी काजमा आई कार्यरत रहेका छन् । कम्पनी ऐन, २०६३ को प्रावधान बमोजिम लेखापरीक्षण समिति गठन गरिएको छ । त्यस्तै गरी पदपूर्ति समिति, खरिद मूल्यांकन उप-समिति तथा आवश्यकता अनुसार अन्य उप-समितिहरूको गठन गर्ने गरिएको छ । आन्तरिक लेखापरीक्षणको व्यवस्था गरिएको छ । संस्थागत विकास एवं सुदृढीकरण अन्तर्गत विभिन्न किसिमका अध्ययन, तालिम, तथा गोष्ठीहरू जस्ता विषयलाई पनि प्राथमिकता दिने गरिएको छ ।

७. **प्रमुख कार्यकारी अधिकृतको उद्घोषण:**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उदघोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन । थप जानकारीको आवश्यकता महशुस गरी कम्पनीमा सम्पर्क राख्न आउने लगानीकर्ताहरुको कदमलाई सधै स्वागतयोग्य ठान्ने छु ।

मिति २०७९।०७।२४ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित ।